पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101
067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

प.सं : २०८२/०८३

च.नं :

मितिः-२०८२।११।०१

## बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुलाई दर्ता अभिलेखीकरण गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०८२/८३, च.नं.२७९, मिति २०८२।१०।२९ गतेको पत्र एवं राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२।१०।१३ गते प्रकाशित **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुलाई दर्ता अभिलेखिकरण गर्ने सम्बन्धी "सूचना"** अनुसार राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा अभिलेखिकरण हुन बाँकी रहेका यस गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले** मिति २०८२ फागुन ११ गते भित्र आवश्यक विवरण प्रविष्ट गरी दर्ता अभिलेखिकरण प्रक्रियामा समावेश हुन यो सूचना प्रकाशित गरिएको छ। साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट प्रकाशित सूचना यसैसाथ सम्लग्न छ।

............

जिवन गैरे

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority
(स्थापना - २०८१)

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

सूचना!!!

सहकारी ऐन, २०७४ बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय लगायतका सहकारी संस्थाहरुलाई ऐनको दफा २०क. बमोजिम दर्ता तथा वर्गीकरण गर्ने जिम्मेवारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई तोकिएको व्यहोरा विदितै छ। उक्त प्रयोजनका लागि प्राधिकरणबाट मिति २०८२ असोज १० गते बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड (संशोधन सहित), जारी भई, मिति २०८२ मंसिर १० गतेदेखि दर्ता तथा अभिलेखीकरण सम्बन्धी सफ्टवेयर (Financial Cooperative Registration System) कार्यान्वयनमा आई इजाजत प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको छ।

यस प्राधिकरणबाट इजाजतपत्र नलिई बचत तथा ऋणको कारोबार गरेमा मापदण्डको दफा ४ को उपदफा ३ बमोजिमको कारबाही सहित देहाय बमोजिमका जटिलता आउन सक्नेछन्:

- धितो रोक्का तथा दृष्टिबन्धक गर्ने कार्यमा,
- करचुक्ता लिन,
- कर्जा सूचना केन्द्रको सदस्य हुन,
- वार्षिक बाह्य लेखापरिक्षण गर्न,
- कारोबार रोक्का हुनसक्ने,
- ठगीमा कारबाही हुनसक्ने,
- संस्थाको दर्ता खारेजी हुनसक्ने।

अत: प्राधिकरणले तोके बमोजिमको समयसीमा (मिति २०८२ फागुन ११) भित्र दर्ता अभिलेखीकरण प्रक्रियामा सहभागी भई कारोबार सञ्चालन इजाजतपत्र लिनुहुन सम्बन्धित सबै सहकारी संस्थालाई यो सूचना जारी गरिएको छ।

(केशवराज भट्टराई)
निर्देशक